# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः १ प्रमाणिकरणः२०७८।०१।०५

प्रकाशन मितिः २०७८।०१।०५

## भाग-२

# ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा नगरपालिकाको टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धि कार्यविधि, २०७८

<u>प्रस्तावना:</u> स्थानीय विकास प्रक्रियामा टोल तथा बस्ती स्तरबाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको सहभागितामा टोल विकास संस्थाको गठन र परिचालनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को उपदफा २ (क) मा गरिएको व्यवस्था र "प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

**परिच्छेद-१**

**<u>प्रारम्भिक</u>**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम “ठाकुरबाबा नगरपालिकाको टोल विकास संस्था गठन तथा परिचालन समबन्धी कार्यविधि, २०७८” रहनेछ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “नगरपालिका” भन्नाले ठाकुरबाबा नगरपालिका, सैनवार बर्दियालाई सम्झनु पर्छ।

(ख) “कार्यालय” भन्नाले ठाकुरबाबा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सैनवार बर्दियालाई सम्झनु पर्छ।

(ग) “टोल विकास संस्था” भन्नाले टोल बस्तीको समग्र विकासको लागि निश्चित भौगोलिक क्षेत्रका घरधुरीका प्रतिनिधिहरुको उपस्थितिमा विकास निर्माण, सेवा प्रवाह र सामाजिक परिचालनको क्षेत्रमा काम गर्ने उद्देश्यले गठन भई कार्यविधिको दफा ३ बमोजिम वडा कार्यालयमा सूचीकृत भएको सामुदायिक संस्थालाई सम्झनु पर्छ ।

(घ) “पदाधिकारी” भन्नाले संस्थाको कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरु समेतलाई सम्झनु पर्छ ।

टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धि कार्यविधि, २०७८

(ङ) "बैठक" भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्छ ।

(च) "वडा" भन्नाले ठाकुरबाबा नगरपालिकाको सम्पूर्ण वडालाई सम्झनु पर्छ।

(छ) "विधान" भन्नाले संस्थाको विधानलाई सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले संस्थाको कार्यसमितिलाई सम्झनु पर्छ ।

(झ) "साधारणसभा" भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनु पर्छ।

(ञ) "संस्था" भन्नाले टोल विकास संस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद- २

## संस्थाको गठन तथा सूचीकरण सम्बन्धी व्यवस्था

### ३. संस्थाको गठन :

(१) नगरपालिकाका क्षेत्रमा भौगोलिक तथा सामाजिक सामिप्यताको आधारमा टोल तथा बस्तीका हरेक घरधुरीबाट एक जनाको सहभागितामा टोल भेलाबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने संस्थाको कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछन्:-

| | | |
|---|---|---|
| क) | अध्यक्ष | एक जना |
| ख) | उपाध्यक्ष | एक जना |
| ग) | कोषाध्यक्ष | एक जना |
| घ) | सचिव | एक जना |
| ङ) | सदस्यहरु | (तीन देखि सात जनासम्म) |

(३) उपदफा (२) बमोजिम संस्था गठन गर्दा टोल तथा बस्तीभित्रका एक घरधुरीबाट एक जना पर्ने गरी भौगोलिक सन्तुलन तथा सामाजिक समावेशीकरणको आधारमा वडा कार्यालयले तोकेको चार किल्ला भित्रका नागरिकहरुको टोल भेलाबाट सर्वसम्मत रुपमा संस्थाको कार्य समिति गठन गरिनेछ।

(४) टोल विकास संस्थाको आफ्नै विधान र छाँप हुनेछ ।

(५) उपदफा (३) बमोजिम कार्यसमितिको कार्यकाल समाप्त भएपछि साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट कार्यसमितिको पुनर्गठन हुनेछ ।

(६) कार्य समितिको कार्यावधि गठन भएको मितिले दुई वर्षको हुनेछ ।

(७) अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव पदमा लगातार दुई कार्यकाल भन्दा बढी सोही पदमा काम गर्न सक्ने छैनन् ।

(८) कार्य समितिमा अध्यक्ष वा सचिव मध्ये कुनै एक पदमा अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

(९) संस्था गठन गर्दा टोलका सम्पुर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्नेछ ।

(१०) उपदफा ८ बमोजिम सवै घरधुरी समावेश हुन सम्भव नभएमा कम्तीमा दुई तिहाई घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गर्नुपर्ने छ। तर पहिलो पटकको टोल भेलामा दुई तिहाई उपस्थिति नभएमा दोस्रो पटकमा ५१ प्रतिशत घरधुरीको उपस्थितिमा टोल विकास संस्था गठन गर्न सकिनेछ।

(११) यस कार्यविधि बमोजिम गठन गरिने संस्थाको कार्यसमितिमा कम्तीमा ५० प्रतिशत महिला सदस्य हुनु पर्नेछ ।

(१२) संस्थाको कार्यक्षेत्र वडा कार्यालयले तोकेको चारकिल्ला भित्र हुनेछ। साधारण सभाले टोल तथा बस्ती भित्रका कुनै घरधुरी संस्थामा समावेश गरेको नपाइएमा वा कुनै घरधुरी वा बस्ती उक्त संस्थामा समावेश गर्नुपर्ने भन्ने लागेमा वडा कार्यालयले त्यसरी छुटेको घरधुरी वा बस्ती सम्बन्धित संस्थामा समावेश गर्न लगाउनेछ।

(१३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वडा कार्यालयबाट भौगोलिक तथा सामाजिक सामिप्यताको आधारमा बढीमा १०० घरधुरी समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिनेछ। एउटा घरधुरी एक भन्दा बढी टोल विकास संस्थाको सदस्य बन्न पाउने छैन।

टोल विकास संस्था गठन तथा सञ्चालन सम्बन्धि कार्यविधि, २०७८

४. **कार्य समितिका पदाधिकारीको पद रिक्त सम्बन्धी व्यवस्थाः** (१) दफा ३ बमोजिम गठन भएको कार्य समितिका पदाधिकारीहरुको पद देहाय बमोजिमको अवस्थामा रिक्त हुनेछ।

(क) अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमितिको बैठकमा र उपाध्यक्ष सहित अन्य सदस्यले अध्यक्षलाई राजिनामा दिएमा।

(ख) भ्रष्टाचार वा अन्य कुनै फौजदारी अभियोगमा कसुरदार ठहरिएमा।

(ग) सम्बन्धित टोलको स्थायी बासिन्दा नरहेमा वा तीन महिना भन्दा लामो समय अन्यत्र गएमा।

(घ) मानसिक असन्तुलन भएमा

(ङ) मृत्यु भएमा।

(२) उपदफा (१) बमोजिम अध्यक्षको पद रिक्त भएमा दफा ३ बमोजिम पुनर्गठन गरिनेछ तर छ महिना भन्दा कम समयावधि रहेमा कार्य समितिको बाँकी अवधिको लागि उपाध्यक्षले कार्यवाहक अध्यक्ष भई कामकाज गर्नेछ। अन्य पदाधिकारीहरुको हकमा कार्य समितिले बाँकी अवधिको लागि समितिका सदस्यहरु मध्येबाट कुनै सदस्यलाई त्यस्तो रिक्त पदमा कामकाज गर्न लगाउन सक्नेछ।

५. **संस्था सूचीकृत :** संस्थाको सूचीकृत देहाय बमोजिम हुनेछः-

(१) टोल भेलाले निर्णय गरी **अनुसूची १** बमोजिमको ढाँचामा उल्लेखित कागजातहरु समावेश गरी संस्था सूचीकरणका लागि वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले संस्थाको चारकिल्ला भित्रका सबै घरधुरी समावेश गरे नगरेको समेत हेरी **अनुसूची २** बमोजिमको ढाँचामा संस्था सूचीकृत गरेको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ।

(३) दफा (१) बमोजिम प्राप्त निवेदन सूचीकरणको लागि प्राप्त भएको टोल विकास संस्थामा समावेश हुनुपर्ने घरधुरी वा बस्ती छुटेको पाइएमा वडा कार्यालयले त्यसरी छुटेको घरधुरी वा बस्ती समेत समावेश गरी सूचीकरणको लागि पुनः पेश गर्न निर्देशन दिन सक्नेछ।

(४) वडा कार्यालयले यस दफा बमोजिम संस्था सूचीकृत गरेको विवरण मासिक रुपमा नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

## परिच्छेद-३
## संस्थाको काम कर्तव्य,अधिकारहरु

६. **टोल विकास संस्थाका कार्यहरु :**

(१) टोल विकास संस्थाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) समुदायमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न सहयोग गर्ने ।

(ख) सामुदायिक सद्भाव, सहिष्णुता र भाईचाराको विकास गर्ने ।

(ग) टोलमा सञ्चालन हुने विकास निर्माणका योजनाहरुको तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण तथा अनुगमनमा सहयोग गर्ने ।

(घ) टोलमा हुने परम्परागत जात्रा, मेला, पर्व तथा समारोहको व्यवस्थापनमा सहयोग गर्ने।

(ङ) टोलमा रहेका सार्वजनिक तथा ऐलानी जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारहरुको संरक्षण गर्न तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने।

(च) टोलमा विपद् व्यवस्थापन सम्वन्धी खोज, उद्धार, राहत वितरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने।

(छ) टोलको सरसफाई व्यवस्थापनको लागि सहयोग र समन्वय गर्ने/ गराउने

(ज) छाडा पशु चौपाया व्यवस्थापनमा सहयोग गर्ने/गराउने ।

टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धि कार्यविधि, २०७८

(झ) सडक बत्ती, सामुदायिक पार्क, सार्वजनिक शौचालय जस्ता सार्वजनिक सम्पत्तिको सञ्चालन र व्यवस्थापनमा सहयोग पुर्याउने ।

(ञ) कानून बमोजिम तिर्नु पर्ने कर, दस्तुर, सेवा शुल्क बुझाउने कार्यमा सहजीकरण गर्ने ।

(ट) टोलमा बसोबास गर्ने गरिब, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन कार्यमा सहयोग गर्ने ।

(ठ) टोलमा रहेका शैक्षिक तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन र गुणस्तर सुधारको लागि सहयोग गर्ने ।

(ड) जन्म, विवाह, बसाई सराई, सम्वन्ध विच्छेद, मृत्यु जस्ता व्यक्तिगत घटना दर्ताको लागि टोलबासीलाई उत्साहित र सहजीकरण गर्ने ।

(ढ) सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहजीकरण गर्ने ।

(ण) विद्युत् चुहावट तथा चोरी नियन्त्रण कार्यमा सहयोग गर्ने ।

(त) टोलमा खाद्यान्न, माछामासु, तरकारी, फलफूल, पेय पदार्थ लगायत दैनिक उपभोग्य सामग्रीको गुणस्तर र मुल्यसूचीको बारेमा जानकारी राखी बजार अनुगमन कार्यमा सहयोग गर्ने।

(थ) उपभोक्ता हक हित संरक्षणको लागि पैरवी तथा जनचेतना अभिबृद्धि गर्ने।

(द) टोलमा हरियाली क्षेत्र विस्तार गरी वातावरण संरक्षणको कार्यमा सहयोग गर्ने ।

(ध) स्थानीय आर्थिक विकासका सम्भावनाका बारेमा छलफल गरी स्थानीय तह, गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय, सहजीकरण र पैरवी गर्ने।

(न) भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताको पालनाको लागि टोलबासीहरुलाई प्रोत्साहित गर्ने।

(ऩ) विद्यालय भर्ना, खोप अभियान, साक्षरता अभियान, सरसफाई, लैङ्गिक हिंसा उन्मूलन जस्ता राष्ट्रिय अभियानहरुमा सहयोग र समन्वय गर्ने।

(प) टोलमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र श्रोत परिचालनमा समान अधिकार स्थापित गर्न सहजीकरण गर्ने ।

(फ) छुवाछुत तथा जातिय विभेद, बाल विवाह, घरेलु हिंसा, यौनजन्य हिंसा, मानव तस्करी, बालश्रम तथा बाध्यात्मक श्रम, छाउपडी, धुम्रपान, मद्यपान, लागुऔषध सेवन लगायतका सामाजिक अपराध तथा खराबीहरु अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने ।

(ब) टोलमा उद्यम विकाससँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने ।

(भ) टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम् सदुपयोग गर्ने ।

(म) टोलमा सरकारी निकाय तथा गैर सरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग गर्ने।

(य) आफ्नो टोललाई वातावरणमैत्री, बालमैत्री, पोषणमैत्री तथा पूर्ण सरसफाईयुक्त बनाउन कार्यक्रमहरु सञ्चालन गर्ने तथा वडा कार्यालय र नगरपालिकाका कार्यक्रम कार्यान्वयनमा सहयोग तथा समन्वय गर्ने।

(र) वडा कार्यालय, नगरपालिका तथा अन्य सरकारी निकाय र गैरसरकारी संघसंस्थासँग गरेको सम्झौता तथा समझदारी अनुसारका अन्य कार्यहरु गर्ने।

(ऱ) वडा/नगरपालिकाको कार्यालयले तोकेका अन्य कार्यहरु गर्ने।

## परिच्छेद-४

## संस्थाको कार्य समितिको बैठक र पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

७. **संस्थाको कार्य समितिको बैठक :** (१) संस्थाको कार्य समितिको बैठकको सञ्चालन देहाय बमोजिम हुनेछ :-

क) कार्य समितिको बैठक महिनामा कम्तिमा एक पटक र आवश्यकता अनुसार बस्नेछ ।

टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७८

ख) समितिको बैठकमा वडा समिति तथा नगरपालिकाका जनप्रतिनिधि, विज्ञ तथा अन्य सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

ग) समितिको वैठकको निर्णयको मस्यौदा सचिवले तयार गर्नेछ ।

घ) संस्थाको बैठकको निर्णयहरु बैठकमा उपस्थित पदाधिकारीहरुबाट हस्ताक्षर गरी प्रमाणित गराउनु पर्नेछ।

(१) उपदफा (१) बमोजिम बस्ने कार्य समितिको बैठकको माइन्युट र संस्थाका प्रशासनिक तथा आर्थिक कारोबारसँग सम्बन्धित सम्पूर्ण कागजातहरु अध्यक्ष, सचिव र कोषाध्यक्षको जिम्मामा रहनेछन्।

(२) कार्य समितिको बैठक संस्थाको कार्यालयमा बस्नेछ। संस्थाको कार्यालय स्थापना भई नसकेको अवस्थामा कार्यसमितिका सबै सदस्यलाई पायक पर्ने गरी उपयुक्त स्थानमा बैठक बस्ने गरी अध्यक्षले तोक्न सक्नेछ।

**८. संस्थाको कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकारः-** संस्थाका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) **अध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

(ख) बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।

(ग) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

(घ) छलफल हुँदा सबैको विचार सङ्कलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(ङ) संस्थाका निर्णयहरु लागू गर्ने/गराउने ।

(च) संस्थाले प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने।

(छ) आवश्यकता अनुसार विशेष बैठक बोलाउने ।

(ज) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

(२) **उपाध्यक्षको काम कर्तव्य र अधिकारः**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनी तोकिएका कार्यहरु गर्ने।

(ख) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने।

(३) **सचिवको काम, कर्तव्य र अधिकारः**

(क) अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।

(ख) छलफलका प्रस्तावहरू सङ्कलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने

(ग) संस्थाको क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने।

(घ) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(४) **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) संस्थाको आम्दानी र खर्चको हिसाब राख्ने तथा विवरण तयार गर्ने।

(ख) बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने।

(ग) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने।

(घ) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(ङ) **सदस्यहरुको काम,कर्तव्य र अधिकार**

(क) समितिको बैठकमा उपस्थित हुने र छलफलमा सक्रीय रुपमा सहभागी हुने।

(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने। समितिको निर्णय कार्यान्वयन भए नभएको हेरी आवश्यकताअनुसार समितिको बैठकमा छलफलमा ल्याउने।

(ग) आवश्कता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको काममा सघाउने ।

(घ) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-५
### आर्थिक व्यवस्थापन

९. **संस्थाको आम्दानी :** (१) संस्थाले देहाय बमोजिमका क्षेत्रबाट आम्दानी प्राप्त गर्न सक्नेछः

(क) नगरपालिकाबाट प्राप्त हुने अनुदान रकम ।

(ख) सरकारी तथा गैर सरकारी निकायहरु, सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता तथा अनुदानको रकम ।

(ग) टोल विकास संस्थाले सञ्चालन गरेका आयमूलक कार्यहरुबाट प्राप्त हुने आम्दानी।

(घ) नगरपालिका, अन्य सरकारी निकाय तथा गैरसरकारी संघसंस्थासँग विकास निर्माण वा कार्यक्रम सञ्चालनको लागि गरेको सम्झौता बमोजिम प्राप्त हुने रकम।

(ङ) संस्थाका सदस्यहरुबाट प्राप्त शुल्क तथा सहयोगको रकम।

(च) अन्य श्रोतबाट प्राप्त गरेको रकम ।

(२) संस्थाको नाममा प्राप्त हुने सबै रकम संस्थाको नाममा रहेको वैंक खातामा जम्मा गर्नु पर्नेछ।

१०. **संस्थाको खर्चः** संस्थाको खर्च देहाय बमोजिम हुनेछः

(क) कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लिखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्नेछ।

(ख) संस्थाको नियमित कार्य सञ्चालन तथा कार्यालय व्यवस्थापन सम्बन्धी खर्च कार्य समितिको निर्णय बमोजिम हुनेछ।

११. **संस्थाको लेखा, प्रतिवेदन तथा अन्यः**

(१) संस्थाको खाता वडा कार्यालयले सिफारिस गरेको बैंकमा सञ्चालन हुनेछ।

(२) उपदफा (१) बमोजिमको बैंक खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(३) कोषाध्यक्षले संस्थाको सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको सञ्चालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको विवरण स्पष्ट रुपमा राखी लेखा परीक्षण गराउनु पर्नेछ ।

(४) कोषाध्यक्षले आम्दानी खर्चको हिसाब किताब चौमासिक रुपमा कार्य समितिको बैठकमा पेश गर्नु पर्नेछ।

(५) कार्य समितिले प्रत्येक आर्थिक वर्षमा गरेको काम र आर्थिक कारोबारको यथार्थ विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र टोल भेलामा पेश गर्नु पर्नेछ।

(६) संस्थाले आफ्नो वार्षिक कारोबारको प्रतिवेदन साधारणसभा, सम्बन्धित वडा कार्यालय र नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(७) नगरपालिका तथा वडा कार्यालयले आवश्यकता अनुसार संस्थाको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

१२. **जिन्सी तथा वस्तुगत सहयोग लिन सक्नेः**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद् प्रभावित व्यक्तिको उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ तर यसरी जिन्सी तथा वस्तुगत सहयोग लिनुपुर्व अनिवार्य रुपमा नगरपालिकाबाट अनुमती लिनुपर्नेछ ।

(२) संस्थाले उपदफा (१) बमोजिम प्राप्त सहयोग वडा समितिको समन्वयमा त्यस्तो विपद्‌बाट प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्न सक्नेछ।

(३) संस्थाले यस दफा बमोजिम प्राप्त सहयोगको विवरण वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नु पर्नेछ।

टोल विकास संस्था गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

## परिच्छेद –६

## विविध

**१३. टोल विकास संस्था समन्वय समितिः**

(१) संस्थाको कामको अनुगमन तथा समीक्षा गरी पृष्ठपोषण प्रदान गर्न हरेक वडामा देहायबमोजिमको टोल विकास समन्वय समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | वडाध्यक्ष | -संयोजक |
| (ख) | वडा समितिका सदस्यहरु | -सदस्य |
| (ग) | टोलविकास संस्थाका अध्यक्षहरु | - सदस्य |
| (घ) | वडा सचिव | -सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तीमा चौमासिक रुपमा बस्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले वडा भित्रका सबै संस्थाको काम कारबाहीलाई प्रभावकारी बनाउन संस्थाको कार्य समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले संस्थाको काम कारवाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ।

**१४. बाधा अडकाउ फुकाउन सक्नेः** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

**१५. कार्य समिति भङ्ग गर्न सक्नेः**

(१) सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, प्रचलित कानून विपरित कार्य गर्ने तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गरेको प्रमाणित भएमा त्यस्तो कार्य समितिलाई सम्बन्धित वडा समितिको सिफारिसमा कार्यपालिकाले भङ्ग गर्न सक्नेछ।

(२) उपदफा १ बमोजिम कार्य समिति भङ्ग गर्नुभन्दा अगाडि सम्बन्धित कार्य समितिलाई सफाई पेश गर्ने अवसर दिइनेछ।

(३) यसरी कार्य समिति भङ्ग भएको अवस्थामा एक महिना भित्र यसै कार्यविधि बमोजिम नयाँ कार्य समिति गठन गर्नु पर्नेछ।

**१६. कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेः**

(१) कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम यो कार्यविधि खारेज भएको अवस्थामा यस कार्यविधि बमोजिम स्थापना तथा सञ्चालन भएका संस्थाहरुको सम्पत्ति तथा दायित्त्व नगरपालिकाको नाममा सर्नेछ।

टोल विकास संस्था गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

अनुसूची-१

(दफा ५ को उपदफा १ सँग सम्बन्धित)

टोल विकास संस्थालाई सूचीकृत गर्न दिने निवेदनको नमूना

मितिः ......................

श्री वडा अध्यक्षज्यू,
वडा समितिको कार्यालय, वडा नं.......
ठाकुरबाबा नगरपालिका।

<u>**विषयः टोल विकास संस्था सूचीकृत गर्ने सम्बन्धमा ।**</u>

उपर्युक्त सम्बन्धमा यस ठाकुरबाबा नगरपालिकको वडा नं ...... स्थित ...................... टोलमा गठन गरिएको .............................. टोल विकास संस्थालाई सूचीकृत गरिदिनुहुन निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु । यस ................................. टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सीमित रहनेछ ।

पूर्व सिमानाः ...................................
पश्चिम सिमानाः ..............................
उत्तर सिमानाः ...............................
दक्षिण सिमानाः ..............................

हालका जम्मा घरधुरीः

<u>संलग्न कागजातहरुः</u>

१. अनुसूची १ बमोजिमको निवेदन।
२. टोल भेलाको उपस्थिति र निर्णय।
३. तोकिएको ढाँचामा तयार गरीएको २ प्रति विधान
४. कार्य समितिका सदस्यहरुको नामथर र नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

<u>**निवेदक**</u>

समितिको तर्फबाट
अध्यक्षको नामः ..................................
टोल विकास संस्थाको नामः ........................
ठेगानाः .............................................
सम्पर्क नं. ........................................

टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धि कार्यविधि, २०७८

अनुसूची-२

(दफा ५ को उपदफा २ सँग सम्बन्धित)

(टोल विकास संस्थालाई दिने प्रमाणपत्रको नमुना)

ठाकुरबाबा नगरपालिका

# ..... नं. वडा कार्यालय

............., बर्दिया

**टोल विकास संस्था सूचीकृत प्रमाण-पत्र**

ठाकुरबाबा नगरपालिका वडा नं. ....... स्थित .................................... मा गठन भएको ..................................................... टोल विकास संस्थालाई यस कार्यालयमा मिति ........................................... मा सूचीकृत गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ । यस नगरपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक पुर्वाधार विकास र सुशासन कायम गर्ने क्षेत्रमा यस टोल विकास संस्थाको सक्रिय सहभागिताको अपेक्षा गर्दछु ।

................................

वडा सचिव

टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धि कार्यविधि, २०७८

अनुसूची-३

## ...................टोल विकास संस्थाको नमुना विधान

**प्रस्तावनाः**

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै गाउँको सामाजिक तथा आर्थिक व्यवस्थालाई एक अर्काको परिपूरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुऱ्याउने, सहभागिता मूलक योजना तर्जुमा गर्ने तथा आफ्नो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न यो .........................टोल विकास संस्था स्थापना गरी संचालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको छ ।

**१. प्रारम्भिकः**

**संक्षिप्त नाम र प्रारम्भ**

(क) यो विधानको नाम ......................टोल विकास संस्थाको विधान हुनेछ ।

(ख) यो संस्थाको नाम .........................हुनेछ ।

(ग) यो विधान................टोल विकास संस्थाको साधारण सभाबाट पारित भई वडा कार्यालयबाट स्वीकृती प्राप्त गरी टोल विकास संस्थाको दर्ता भएको मिति देखि लागू हुनेछ ।

(घ) यस संस्थाको कार्यालय......................मा हुनेछ ।

(ङ) यस संस्थाको सिमाना देहाय बमोजिम हुनेछः

पूर्व......................पश्चिम.......................

उत्तर....................दक्षिण.......................

**२. परिभाषाः**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :**

१. "संस्था" भन्नाले.......................टोल विकास संस्थालाई समझनुपर्छ ।

२. "विधान" भन्नाले ...................... टोल विकास संस्थाको विधानलाई सम्झनुपर्छ ।

३. "साधारण सभा" भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ ।

४. "समिति" भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनुपर्छ ।

५. "बैठक" भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनुपर्छ ।

६. "पदाधिकारी" भन्नाले कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरूलाई जनाउँछ।

**३. संगठित संस्था हुने :**

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ ।साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ।

(ख) संस्थाले चल-अचल सम्पत्ति प्राप्त गर्न र उपयोग गर्न सक्नेछ । तर संस्थाले आफ्नो अचल सम्पत्ति बिक्री गर्न पाउने छैन । संस्था विगठन भए सो संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति नगरपालिकामा हस्तान्तरण हुनेछ।

**४. संस्थाका उद्देश्यहरू :**

संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिम उद्देश्य हुनेछ :

(क) टोलस्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने,

(ख) टोलका व्यक्तिहरूको आयमा बृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिबी न्यूनीकरणमा मद्दत पुऱ्याउने,

(ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने,

(घ) संस्थालाई सहभागितामूलक योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सक्रिय सहभागी बनाउने,

(ङ) संस्थाको सदस्यहरूको क्षमता विकासका लागि तालिम संचालन गर्ने आदि ।

टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धि कार्यविधि, २०७८

**५. टोल विकास कार्य समितिको गठन**

**टोल विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :**

१) (क) नगरपालिका क्षेत्र भित्रका बस्तीहरूको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरूबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

(ग) संस्थाको कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछन्:-

| | |
|---|---|
| क) अध्यक्ष | एक जना |
| ख) उपाध्यक्ष | एक जना |
| ग) कोषाध्यक्ष | एक जना |
| घ) सचिव | एक जना |
| ङ) सदस्यहरु | (तीन देखि सात जनासम्म) |

२) पहिलो पटकका लागि टोल वासीको आम भेलाबाट टोल विकास संस्थाका कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष कोषाध्यक्ष, सचिव र सदस्यको हकमा ३ देखि ७ जनासम्म रहेको एक टोल विकास संस्थाको तदर्थ कार्य समिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मति वा सो नभएमा बहुमतबाट पुनर्गठन हुनेछ । टोल विकास संस्थाको कार्य समितिको पदाधिकारीको पदावधि २ वर्षको हुनेछ । समितिमा अध्यक्ष वा सचिव मध्ये कुनै एक पदमा अनिवार्य रुपमा महिला हुनुपर्नेछ । तदर्थ कार्य समितिले १ वर्ष भित्र टोल सभा बोलाई कार्य समिति गठन गनुपर्नेछ।

३) टोल विकास संस्था गठन गर्दा टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नुपर्दछ । सो सम्भब नभए कम्तीमा दुई तिहाई घरधुरि सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागि भएका सदस्यहरुमध्ये कम्तीमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

४) टोल विकास संस्थामा ७ देखि ११ जनाको कार्य समिति हुनेछ ।

**६. संस्थाका कार्यहरु :**

टोल विकास संस्थाले आफ्नो टोल क्षेत्रको समग्र र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछ :

१. टोलमा जातिय, लिंगीय वा वर्गीय विभेदको भावना हटाई सबै सदस्यहलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,

२. बिभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसँग समन्वय एवं सहकार्य गरी टोलको विकासको लागि काम गर्ने,

३. टोलमा विकाससँग सम्बन्धित योजनाहरू संचालन गर्न आवश्यक सहजीकरण गर्ने,

४. टोलमा ढल तथा फोहोरमैला व्यवस्थापन लगायतका सेवा प्रवाहमा नगरपालिकाको स्विकृतिमा संस्थाको निर्णय अनुसार सेवा शुल्क लिन सक्ने,

५. टोलको विकासका लागि बिभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम् सदुपयोग गर्ने,

६. टोलको सामूहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना बनाउने,

७. छुवाछुत, अन्धविश्वास, कुप्रथा, बाल विवाह, बहु विवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरू संचालन गर्ने,

८. टोलको आर्थिक तथा सामाजिक सूचना र तथ्याङ्क अद्यावधि गरी अभिलेख राख्ने,

९. सहभागिता मूलक योजना तर्जुमा गर्न टोलको प्राथमिकता पहिचान गरी वडामा सिफारिस गर्ने,

१०. टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट प्राप्त योजनाहरुको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

११. टोलमा विभिन्न सरकारी तथा गैर सरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरु टोल विकास संस्था मार्फत संचालन हुने वातावरण सिर्जना गर्ने,

टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धि कार्यविधि, २०७८

१२. आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा वालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,
१३. टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता जस्ता सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,
१४. टोलमा रहेका सार्वजानिक, पर्ति, ऐलानी आदि जग्गाको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने,
१५. नगरपालिकाको राजस्व अधिवृद्दिका लागि सहयोग प्रदान गर्ने,
१६. संस्थामा प्राप्त भएको रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने,
१७. नगरपालिकासँग भएको समझदारी अनुसारका सामाजिक तथा सेवामूलक कार्यहरु गर्ने ।

**७. सदस्यता**

संस्थामा सदस्यता देहाय बमोजिम हुनेछ :

(क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलबासी यस संस्थाको सदस्य हुनेछ ।

(ख) सदस्यता बन्न इच्छुक नयाँ टोलबासीहरुले संस्थाले तोके बमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

**८. सदस्यता नरहने**

देहायको अवस्थामा संस्थाको सदस्य रहने छैन :

(क) सदस्यको मृत्यु भएमा ।

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा ।

(ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगरेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराई संस्थाको सदस्यबाट हटाएमा ।

(घ) संस्थालाई हानि/नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा ।

(ङ) नेपालको प्रचलित कानुनको निषेध गरेको कार्य गरेमा ।

**९. संस्था गठन एवं कार्य संचालन विधि**

**संस्थाको गठन एवं कार्य संचालन विधि देहाय बमोजिम हुनेछ :**

(क) निश्चित भौगोलिक क्षेत्रमा व्यक्तिहरुको सर्वसम्मत निर्णय तथा वडा कार्यालयबाट टोलको क्षेत्र निक्यौंल भएपछि त्यस टोलभित्र बसोबास गर्ने अधिकांश घरधनीहरुको उपस्थितिमा संस्था गठन गरिनेछ ।

(ख) टोल विकास संस्था गठन गर्न उपस्थित भएका व्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा एक-एक जना अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव र अन्य घरधुरीका व्यक्तिहरु सदस्य हुनेछन् ।

(ग) संस्थामा कम्तिमा ५० प्रतिशत महिला सदस्य रहनेछन् । अध्यक्ष र सचिव मध्ये कम्तिमा १ जना महिला हुनेछ ।

**१०. संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

संस्थाका पदधिकारीहरुको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

**(१) अध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

(ख) बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।

(ग) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने।

(घ) छलफल हुँदा सवैको विचार सङ्कलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।



टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धि कार्यविधि २०७८

(ङ) संस्थाका निर्णयहरु लागू गर्ने/गराउने ।

(च) संस्थाले प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने।

(छ) आवश्यकता अनुसार विशेष बैठक बोलाउने ।

(ज) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

**(२) उपाध्यक्षको काम कर्तव्य र अधिकारः**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनी तोकिएका कार्यहरु गर्ने।

(ख) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने।

**(३) सचिवको काम, कर्तव्य र अधिकारः**

(क) अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।

(ख) छलफलका प्रस्तावहरू सङ्कलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने

(ग) संस्थाको क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने।

(घ) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) संस्थाको आम्दानी र खर्चको हिसाब राख्ने तथा विवरण तयार गर्ने।

(ख) बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने।

(ग) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने।

(घ) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**(५) सदस्यहरुको काम, कर्तव्य र अधिकार**

(क) समितिको बैठकमा उपस्थित हुने र छलफलमा सक्रीय रुपमा सहभागी हुने।

(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने। समितिको निर्णय कार्यान्वयन भए नभएको हेरी आवश्यकताअनुसार समितिको बैठकमा छलफलमा ल्याउने।

(ग) आवश्कता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको काममा सघाउने ।

(घ) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**११. साधारण सभाको गठन र कार्य प्रणाली**

साधारण सभाको गठन र कार्य प्रणाली देहाय बमोजिम हुनेछ :

१. संस्थाको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण-सभा हुनेछ ।

२. साधारण-सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको सचिव र निजको पनि अनुपस्थितिमा संस्थाको ज्येष्ठ सदस्यले गर्नेछ ।

३. साधारण-सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

४. साधरण सभामा सदस्य संख्याको पहिलो पटक कम्तिमा ५१ प्रतिशत र दोश्रो पटक ३३ प्रतिशत सदस्यहरुको उपस्थिति भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

**१२. साधारण सभाको काम, कर्तव्य र अधिकार**

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संस्थाको कार्यसमितिले साधारण सभाको परामर्श प्राप्त गर्न उचित देखि पेश भएका विषयमा परामर्श दिने ।

(ख) लेखापरीक्षक नियुक्ति गर्ने ।

(ग) संस्थाको लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने ।

टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धि कार्यविधि २०७८

(घ) कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(ङ) कार्य समितिको कुनै सदस्य वा सिंगो कार्यसमितिको विरुद्ध कुनै उजुरी भएमा निर्णय गर्ने ।

(च) संस्थाको विधान संशोधन गर्ने ।

(छ) आवश्यकताअनुसार सल्लाहकारको मनोनयन गर्ने ।

(ज) संस्थाको वार्षिक कार्य योजना स्वीकृत गर्ने ।

**१३. आर्थिक व्यवस्था**

(१) संस्थाको देहायबमोजिम आर्थिक स्रोत हुनेछ ।

क) सदस्यताबाट प्राप्त शुल्क ।

ख) सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने अनुदान ।

ग) संस्थाको विभिन्न क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार ।

घ) अन्य आम्दानी ।

(२) प्रत्येक आ.व. को लेखा तयार गरी पछिल्लो आ.व.को असोज महिना भित्र लेखा परीक्षण गराई सो प्रतिवेदन साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी कार्य समितिको हुनेछ ।

(३) संस्थाको नाममा प्राप्त वा खरीद चल-अचल सम्पत्तिको परिचालन र प्रयोग नेपाल सरकारको प्रचलित कानुन र ठाकुरबाबा नगरपालिकाको **टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी कार्यविधि २०७८** बमोजिम संस्थाको साधरण सभाको स्विकृतिमा कार्य समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**१४. कार्यसमिति तथा पदाधिकारीको राजिनामा**

(क) समितिका सदस्यहरुले सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन्।

(ख) अध्यक्षले आफ्नो राजीनामा सचिव मार्फत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाले निर्णय गरे बमोजिम हुनेछ ।

**१५. कार्य समितिलाई आविश्वासको प्रस्ताव**

कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरु उपर अविश्वास भएमा यथोचित कारण देखाई संस्थाका ५१% सदस्यहरुले विशेष साधारणसभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतीलाई जोड दिइनेछ तर सर्वसम्मति नभएका वहुमतबाट निर्णय हुनेछ ।

**१६. विविध**

(क) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरी साधारण-सभामा पेश गर्नुपर्नेछ । साधारण सभामा उपस्थित सदस्यहरुको कम्तीमा दुई तिहाइ बहुमतबाट मात्र विधान संशोधन हुन सक्नेछ ।

(ख) ठाकुरबाबा नगरपालिको टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७८ तथा प्रचलित ऐन, नियमहरुसँग बाझिएका बुँदाहरु बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७८

**<u>आज्ञाले</u>**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत